जि.प्र.का. पर्सा दर्ता नं.:- ३१६/२०७९/०८०

ONLINE NEWS DAILY

# अनलाईन न्युज दैनिक

www.onlinenewsdaily.com.np

वर्ष : ३ | अंक : ६२ | २०८१ साल, असोज महिना ०५ गते शनिबार | Saturday 21 September, 2024 | पृष्ठ : ४ | मूल्य रु. ५/-

## विन्दवासनी गाउँपालिकामा २०दिन देखी एम्बुलेन्स बिग्रेर गाउँपालिका थन्के पछि जनतालाई समस्या

अजय कुमार साह ।
असोज ०४ वीरगंज ।
विन्दवासनी गाउँपालिकामा जनताको इमर्जेन्सी सेवाको लागी एम्बुलेन्स संचालनमा ल्याइएको थियो । उक्त एम्बुलेन्स करिब २० दिन देखी बिग्रेर गाउँपालिकाको कार्यालयमा थन्केको समाचार प्राप्त भएको छ ।




विन्दवासनी गाउँपालिकाको गर्दौल निवासी रंजय यादवको घरमा इमर्जेनसी पर्दा एम्बुलेन्स ल्याउनको लागी एम्बुलेन्स चालक धुमेश मुखियालाई फोन गर्दा एम्बुलेन्स २०दिन देखि बिग्रेर थन्केको बताएका छन ।

स्थानीय चुनावको बेला गाउँपालिका अध्यक्ष प्रमोद तिवारीले एम्बुलेन्स २४ सै घण्टा संचालनमा राखिने र आवस्यकता परे मेरो गाडि पनि एम्बुलेन्सको रुपमै प्रयोगमा ल्याउने चुनावको बेला र शपथ ग्रहणमा समेत प्रतिबद्धता जनाए पनि गा.पा प्रमुख तिवारी आफैले गरेको वाचा बिर्सेको स्थानीय पिडित ब्यक्ति रंजय यादवले अनलाइन न्युज दैनिक संग बताए ।

गाउँपालिका प्रमुखले चढने गाडि आजै बिग्रे आजै मर्मत हुने तर जनतालाई सेवा दिने एम्बुलेन्स करिब २० दिन देखि बिग्रेर थन्के पछि किन मर्मत नहुने गा.पा.प्रमुखले यस तर्फ तपाईको ध्यान कता?स्थानिय रंजय यादवले अनलाइन न्युज दैनिक संग कुरा गर्दै बताएका छन । यस तर्फ गाउपालिका प्रमुखको ध्यान जान आवश्यक देखिन्छ ।

## धोबिनी गाँउपालिकाले ल्यायो ३९ करोड बढीको बजेट : कृषि, शिक्षा, स्वास्थ्य मुख्य प्राथमिकतामा

राहुल गुप्ता ।
असोज ०४, वीरगंज ।
पर्साको धोबिनी गाँउपालिकाको १० औं गाँउसभा शुक्रबार सम्पन्न भएको छ ।गत असारमै हुन हुनुपर्ने गाँउसभा शुक्रबार सम्पन्न भएको हो ।शुक्रबार गाँउपालिका कार्यालय परिसरमा सम्पन्न गाँउसभामार्फत धोबिनी गाँउपालिकाले चालु आर्थिक वर्ष २०८१/८२ का लागि ३९ करोड भन्दा बढीको अनुमानित बजेट ल्याएको छ ।




गाँउसभामा गाँउपालिका उपाध्यक्ष मन्जु देवीले चालु आर्थिक वर्षका लागि वार्षिक नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गरिन् । उनले ३९ करोड १ लाख १८ हजार रुपैयाँको बजेट प्रस्तुत् गरेकी हुन् । धोबिनी गाँउपालिकाले चालु आर्थिक वर्षका लागि ल्याएको नीति, कार्यक्रम तथा बजेटमा कृषि, शिक्षा, स्वास्थ्य , भौतिक पूर्वाधार, पर्यटन लगायतका विषयलाई मुख्य प्राथमिकता दिइएको गाँउपालिकाका प्रमुख प्रशासकीय अधिकृत अशोक रौनियारले बताए ।

गाँउसभामा बोल्दै गाँउपालिका अध्यक्ष मदन चौहानले असारमै हुनुपर्ने गाँउसभा विविध कारणवस हुन नसक्दा विकास निर्माण , सेवा प्रवाह लगायतमा निक्कै समस्या भएको बताए। तर आँफुहरुको अथक प्रयासपछि अहिले आएर सबैको सहयोगमा आयोजना गर्न सफल भएको भन्दै उनले अब भने गाँउसभा सम्पन्न भएसंगै ती समस्याहरुको निराकरण हुने बताए । विगतका कमीकमजोरीबाट पाठ सिक्दै आगामी दिनमा पालिकाको शिक्षा, स्वास्थ्य , कृषि,पर्यटन, विकास निर्माणका काम विगतका भन्दापनि अझ राम्रो हुने गरि अगाडि बढ्ने उनले बताए ।

*बाँकी चौथो पेजमा*

## रौतहटमा सवारी दुर्घटना हुँदा एकै दिन २ जनाको मृत्यु




कमलेश स्वर्णकार ।
असोज ०४, वीरगन्ज ।
रौतहटमा सवारी दुर्घटनामा एकै दिन २ जना युवकको मृत्यु भएको छ। रौतहटको गरुडा र कटहरिया नगरपालिकामा दुर्घटनामा २ जना युवकको ज्यान गएको हो ।

गौर चन्द्रनिगाहपुर सडकखण्डअन्तर्गत गरुडा नगरपालिका ४ गरुडाको मुख्य बजारमा ई-रिक्साले ठक्कर दिँदा गढीमाई नगरपालिका १ समनपुर घर भई गरुडामै बस्दै आएका ३५ वर्षीय राम साह रौनियारको मृत्यु भएको छ ।

तीव्र गतिमा रहेको मधेश प्रदेश ०३-००१ ह ३४१४ नम्बरको अटो-इरिक्साले पैदल यात्रु रौनियारलाई पछाडिबाट ठक्कर दिएको थियो । प्रहरीको मिलोमतोमा सडक पेटी तथा फुटपाथ पसलेहरुको कब्जामा रहेकाले बाध्य भई सडकबाटै हिँडिरहेका रौनियारलाई ई-रिक्साले ठक्कर दिँदा टाउकोमा गहिरो चोट लागेको थियो ।

रौनियारलाई गरुडामै प्राथमिक उपचार गरी थप उपचारका लागि वीरगन्ज पठाउँदा बाटोमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रौतहटकी प्रहरी प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक एलिजा गिरीले जानकारी दिनुभयो। ठक्कर दिने ई-रिक्सासहित चालक गरुडा नगरपालिका ५ लक्ष्मीपुरका गणेश साहलाई प्रहरीले पक्राउ गरिसकेको छ ।

चालकले अत्यधिक मदिरा सेवन गरी तिव्र गतिमा गाडी गुडाएको कारण अनियन्त्रित भई सडकको छेउमा पैदल हिडिरहेका रौनियारलाई ठक्कर दिएको बताइएको छ । रौनियार माधवनारायण नगरपालिका ४ विशुनपूर्वा मानपुर माध्यमिक विद्यालयका शिक्षक पनि थिए ।

यसबीच कटहरिया

*बाँकी चौथो पेजमा*

## महानगरको सबै वडाका नागरिकमा सुरक्षित र स्वच्छ खानेपानीको पहुँच सुनिश्चित गरिने

राज सरार्फ ।
असोज ०५, वीरगंज ।
वीरगंज महानगरपालिकाले ३२ वटै वडाका नागरिकको पहुँचमा सुरक्षित र स्वच्छ खानेपानी पुर्याउन गुरुयोजना तयार गरी लागु गर्ने तयारी गरेको छ ।



वीरगंज महानगरपालिका, नेपाल खानेपानी संस्थान र युनिसेफको संयुक्त सहकार्यमा खानेपानी तथा सरसफाई कार्य योजना लागु गरी महानगरका सबै वडामा सुरक्षित र स्वच्छ खानेपानीको पहुँच पुर्याउन लागिएको हो ।

शुक्रबार महानगरपालिकाका प्रमुख राजेशमान सिंहको कार्यकक्षमा बसेको बैठकमा महानगर प्रमुख सिंहले स्वच्छ र सुरक्षित खानेपानीको समस्या दीर्घकालीन रुपमा समाधान गर्न गुरु योजना बनाएर कार्यान्वयन गर्न ढिलाई भइरहेको भन्दै छिटो योजनालाई कार्यान्वयनमा लैजान जरुरी रहेको बताउनु भयो ।

सुरक्षित र स्वचछ खानेपानीको पहुँच सुनिश्चित गर्नु आफ्नो मुख्य प्राथमिकता भएको भन्दै उहाँले सुरक्षित खानेपानीको परीक्षणका लागि युनिसेफले ल्याब स्थापना गर्ने निर्णय भएको पनि बताउनुभयो ।

बैठकमा खानेपानी गुणस्तर अनुगमन निर्देशिका कार्यान्वयनमा ल्याउने तथा

*बाँकी चौथो पेजमा*

## गाई गोरुको तस्करी गर्ने ३ जना पक्राउ

अभिनाश अधिकारी ।
असोज ०४, वीरगन्ज ।
गाई, गोरुको तस्करी गर्ने ३ जनालाई रौतहट प्रहरीले पक्राउ गरेको छ ।

विशेष सुचनाको आधारमा खटिएको प्रहरीको टोलीले रौतहटको ईशनाथ नगरपालिका वडा नं १ लालबकैयाको बाँधबाट ३ जना मानिसले अबैध रुपमा गाई गोरुको तस्करी गरिरहेको अवस्थामा गाई गोरु सहित ३ जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा रौतहटको यमुनामाई गाउँपालिका वडा नं ३ मलहनियाका ४५ वर्षिय मोहमद गुफरान, ३५ वर्षिय ओहिद अंसारी र त्यहिका २२ वर्षिय मोहमद सम्साद रहेका छन् ।

उनीहरूले ४ वटा गाई, २ वटा गोरु र ३ वटा बाछो भारततर्फ तस्करी गरिरहेको अवस्थामा पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक एलिजा गिरीले जानकारी दिनुभयो ।

पक्राउ परेकाहरुलाई आवश्यक कारवाहीको लागि गौर भन्सार कार्यालयमा दाखिला गरिएको र गाई धनी फरार रहेकोले निजको खोजी भइरहेको प्रवक्ता गिरीले जानकारी दिनुभयो ।

## अनलाइन न्युज दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक/सम्पादक | : अजय कुमार साह |
| प्रधान सम्पादक | : अशोक कुमार तिवारी |
| प्रेस प्रतिनिधि | : राहुल गुप्ता, प्रहलाद चौरसिया |
| विशेष प्रतिनिधि | : कमलेश, राज, अभिनाश, राकेश |
| सल्लाहकार | : बाबु राजा बिष्ट, विधीचन प्रसाद |
| सम्पर्क नम्बर | : ९८५५०२०८८० |
| सम्पर्क कार्यालय | : वीरगंज–१६, बाइपास रोड, नगवा |
| मुद्रक | : कोमल प्रिन्टिङ्ग प्रेस, मुर्ली वीरगंज |

onlinenewsdainik@gmail.com


## सम्पादकीय.............

# दिवंगत पितृहरूको उद्धार

आश्विन कृष्णपक्ष पूरै १५ दिन पितृपक्ष हो । यसलाई सोह्र श्राद्ध भनिन्छ । पूर्णिमा समेत गन्दा १६ दिनको भए पनि वास्तवमा १६ दिन पूरा हुन्न । असोज १५ गते चतुर्दशी तिथिमा शस्त्रादिबाट हताहत भएकाहरूका नाममा मात्र श्राद्ध गर्नुपर्छ । श्राद्धको परिचय गर्नुपर्दा मूलतः श्राद्ध भनेको श्रद्धा नै हो । आफ्ना दिवंगत पितृहरूको उद्धार, उनीहरूप्रतिको समर्पण र दयाभाव हो । आफ्ना पिता, माता र पुर्खाबिना यस धर्तीमा उदय असम्भव छ र उनीहरूकै प्रेरणा पाएर भावी जीवन सञ्चालन हुने हो । दिवंगत पितृहरू ८४ लाखमध्ये कुनै न कुनै योनिमा रहेका हुन्छन् भनेको छ शास्त्रले, र सन्ततिले दिएका खाना उनीहरूले देह धारण गरेअनुरुप तत् तत् योनिका खाना स्वरूप प्राप्त हुने हो । देवता भए अमृतकै रूपमा पाउँछन् । पुं नाम नरकात् त्रायते इति पुत्रः अर्थात् पुं नामक नरकबाट तार्नेको नाम पुत्र भएकाले उसको कर्तव्य किन्चित बढी हुन्छ । लालन, पालन र कर्मका खातिर वावु, आमाले गरेको प्रयास र सो ऋणबाट चुक्ता हुने उत्तम साधन भनेको वर्षभरि पितृहरूका नाममा गरिने तर्पण नै हो ।

तर्पण त नित्य गरिने कार्य हो । तर, अहिलेको परिवेशमा धेरैले यसो गर्न सकेका छैनन् । शास्त्रीय प्रमाण खासगरी ब्रह्मपुराण, नारदपुराण, भविष्यपुराण, हेमाद्री, मनुस्मृति, याज्ञबल्क्य आदि र अन्यसंहिता हेर्दा तर्पण हरेक दिन गर्नुपर्छ । तर, तिथिका दिन मात्रै गर्ने चलन छ अहिले । सक्नेले नित्य स्नानपछि गर्छन् । प्रेत भएकाले पानी पाउने भनेको नुहाएको कपडाले हो । श्राद्धमा प्रेत भएका कोही छौं भने यो जल पाऊ भनेर कपडाको साटो जनै अपसव्य गरेर त्यसैलाई निचोरेर पानी दिने गरिन्छ र श्राद्धको काम नसकी अरूले पनि कपडा धुन्नन् । भित्री कपडा पनि यसै राखिरहन्छन्, स्नानपछि । पिण्डदान अगाडि बा पछाडि तर्पण गरिन्छ । जौ, तिल कुशले प्रतिज्ञा गरी दूधसहित जलदान गर्ने काम नै तर्पण हो । यसमा सर्वप्रथम ब्रह्मादि ३ देवताहरूलाई जनै सव्यले जलदान गरिन्छ । पूर्व फर्केर प्रजापति, देवता, ऋषि, गन्धर्व, देवी, अप्सरा, नाग, यक्ष, पिशाच, भूत, पशु, मनुष्य, वनस्पति, औषधि, अत्रि, मरीचि, अत्रि आदि ऋषिहरू, भृगु, बशिष्ठ आदिलाई तिल कुशले जलदान गरिन्छ । त्यसपछि जनैलाई माला लगाएर दुई–दुईपटक सप्तमनुष्य र पितृहरूलाई जलदान गरिन्छ । पछि अपसव्य भएर खगौतोवाट मोटक, तिलसहित दिव्य पितृहरूलाई तर्पण गरिन्छ । त्यसपछि आफ्ना पिता पुर्खा, मावली, बन्धुबान्धवलगायत दिवंगत सबै पितृहरूलाई तर्पण गरिन्छ । सन्तति नभएर पिण्ड पानी नपाउनेहरूका लागि भने जनै वा कपडा पानीमा चोपेर दिने हो ।

पितृपक्षमा एकोद्विष्ट पर्न गए एकापार्वणको रूपमा श्राद्ध गरिन्छ भने देवब्राह्मण र पितृब्राह्मण स्थापना गरी एकोद्विष्ट श्राद्ध एकापार्वणको बिधिले गरिन्छ । देव भक्ति र पितृ भक्तिमा फरक छ, पितरः वाक्यमिच्छन्ति भावमिच्छन्ति देवता भन्ने अर्थमा देवता भावका भोका, पितृ भने वचन, विभक्ति कारक र श्रद्धाका भोका हुन्छन्, वाक्य शुद्धि भएन भने दिएको बस्तु तिनले पाउँदैनन्, त्यसर्थ श्राद्ध गराउने व्यक्ति विषय विज्ञ र व्याकरण जानेको हुनु पर्छ । एकोद्विष्ट श्राद्ध मध्याह्न कालमा गरिन्छ र सोह्र श्राद्ध अपराह्नव्यापी हुन्छ । एकै ब्राह्मणले धेरैवटा श्राद्ध गर्नु शास्त्र निषेध कर्म हो । गृहस्थीहरूका लागि श्राद्ध अनिवार्य छ, कुनै बहानामा गरेन भने पितृहरू निराश भई श्राप दिएर फर्कन्छन् भनेको छ शास्त्रले, यहाँसम्म कि सन्ततिको रगत नै लिइदिन्छन् भनेको छ । सन्ततिले दिएको जल पिण्डदानले उनीहरूले आफू तृप्त हुने हो । पिण्डले देह निर्माण हुन्छ भने अन्य वस्तुले खाना प्राप्त गर्छन् । हाम्रो ३६५ दिन तिनको एक दिन हुने भएकाले यहाँ दिइएका सामान उनीहरूले नित्य पाए सरह हुन्छ । आफू तृप्त भएपछि तिनले धन, कीर्ति, सुख, भोग, यश, सम्मान लगायत आत्मउन्नति एवं सन्ततिको आचरण, व्यवहार शुद्धि, मर्यादापालन, नैतिकता एवं आफूप्रति उनीहरूले भविष्यसम्म गर्ने बिधि व्यवहारको आशीर्वाद पनि दिन्छन् । श्राद्ध कर्म आफूले छोडियो भने पछिल्ला सन्ततिले पनि छोड्छन्, घाटा आफैंलाई हुने हो । तीर्थमा जौको पिण्ड दिइन्छ, चोखोको लागि । आफ्नो स्वामित्वक्षेत्रमा बसेर श्राद्ध गर्दा पितृ खुसी हुन्छन्, सकेसम्म अन्तरिक्ष नपर्ने गरी पिण्डदान गर्नुपर्छ । श्राद्धकर्ताको भएसम्म पत्नीको हातबाट तयार गरिएको पिण्डदानले पितृ खुसी हुने हुन्छन्, बनवासको समय रामले सीताबाट तयार गरिएको बालुवाको पिण्डले पिता दशरथले अमृतस्वरूप पाएको प्रसंग छ शास्त्रमा । त्यसैले कुलाचारअनुसार विवाह गरेर सन्तति प्राप्त गर्नुपर्छ । विश्वासमै अडेको छ संसार र विश्वासकै कारण सूर्य, चन्द्र, धर्ती, आकाश सबै अडेका हुन्, विज्ञान त हिजो आएको हो ।

# यसरी सिर्जना गर्न सकिन्छ नेपालमै रोजगारी

**गेजा शर्मा वाग्ले**

देशप्रति निराश भएर सुखद भविष्यको सपनामा दैनिक करिब दुई हजार नेपाली विदेश गइरहेको बारेमा सर्वत्र चिन्ताजनक बहस भइरहेको छ । समुन्नत नेपाल निर्माण गर्ने जनशक्ति नै विदेश पलायन भइरहेको दृश्यले थप नकारात्मक र निराशाजनक भाष्य बढ्दो छ ।

त्रिभुवन विश्वविद्यालय खाली हुँदै जानु तर त्रिभुवन विमानस्थलबाट बिदेसिइरहेको मर्मस्पर्शी दृश्यले सरकार र पार्टीहरू सामूहिक रूपमै असफल भएको सन्देश गइरहेको छ । विशेषगरी गुणस्तरीय शिक्षा र योग्यता तथा सीपअनुसारको मर्यादित रोजगारीका लागि नेपाली विदेश जान चाहेको देखिन्छ । संविधानअनुसार शिक्षा र रोजगारी मौलिक अधिकार हुन् । तर नेपालमा अहिले पनि करिब १२ प्रतिशत बेरोजगार छन् । दुर्भाग्यवश स्वदेशमै गुणस्तरीय शिक्षा र योग्यताअनुसारको रोजगारी कुनै पनि सरकार वा पार्टीको एजेन्डा र प्राथमिकता भएको देखिँदैन ।

बेरोजगारीका कारण वैदेशिक रोजगारीमा गएका युवाले पसिना बगाएर पठाएको रेमिट्यान्सले देशको अर्थतन्त्र धानिएको छ । गत आर्थिक वर्षमा हालसम्मकै उच्च १४ खर्बभन्दा बढी रेमिट्यान्स भित्रिएको थियो भने १ खर्ब २५ अर्ब वैदेशिक अध्ययनका लागि बाहिरिएको थियो । यद्यपि प्रविधिको विकास र एआईका कारण अर्थतन्त्र, काम र रोजगारीको आयाममा मौलिक परिवर्तन आएको छ । त्यसैले काम र रोजगारीका बारेमा अन्योल र चिन्तापूर्ण भविष्यवाणी गरिएको छ । वर्ल्ड इकोनोमिक फोरमको २०२३ को रोजगारीको भविष्य प्रतिवेदनअनुसार आर्थिक संरचनात्मक रूपान्तरण, प्रविधिको विकास, डिजिटलाइजेसन, एआईलगायतका कारण २०२७ सम्म करिब ८ करोड कटौती भई करिब ७ करोड नयाँ रोजगारी सिर्जना हुने प्रक्षेपण छ । त्यसैले बेरोजगारीका कारण समाज नै आक्रान्त भइरहेको घडीमा नेपालको अर्थतन्त्र अभिवृद्धि गरी रोजगारीका नयाँ अवसर र सम्भावनाको खोजी गर्नु अहिलेको राष्ट्रिय आवश्यकता हो ।

**लगानीमैत्री वातावरणको प्रत्याभूति**

स्वदेशमै योग्यता, सीप र दक्षताअनुसारको पर्याप्त रोजगारी सिर्जना गर्न उदार अर्थतन्त्र र लगानीमैत्री वातावरण अनिवार्य पूर्वसर्त हुन् । आर्थिक विकास र रोजगारीका लागि स्वदेशी साधन–स्रोत, पुँजी र प्रविधि मात्रै पर्याप्त छैन, वैदेशिक पुँजी, लगानी र प्रविधि पनि भित्र्याउनु अनिवार्य छ ।

तर स्वदेशी तथा विदेशी पुँजी र लगानी आकर्षित गर्न लगानीमैत्री वातावरण अपरिहार्य छ । चीन, भारत, दक्षिण कोरिया, इन्डोनेसिया, मलेसिया, कम्बोडिया, बंगलादेश जस्ता देश वैदेशिक लगानी भित्र्याएर विकासमा फड्को मार्न सफल भएका हुन् । स्वदेशी साधन–स्रोत, पुँजी र प्रविधिका आधारमा मात्रै ती देशले प्रगति गर्न सम्भव थिएन । त्यसैले उदार अर्थनीतिमा आधारित मानव विकास, वातावरणमैत्री र रोजगारमूलक विकास मोडल अनुसरण गर्नु आवश्यक छ ।

नेपालको अर्थनीति, वैदेशिक सहयोग तथा लगानीसम्बन्धी नीति र कानुनप्रति स्वदेशी तथा विदेशी लगानीकर्ता विश्वस्त हुनु आवश्यक छ । उनीहरू विश्वस्त हुन सकेनन् भने वैदेशिक लगानी पनि भित्रिँदैन, स्वदेशी पुँजी पनि परिचालित हुँदैन । यदि वैदेशिक लगानी भित्र्याउन सकिएन भने न रोजगारीको अवसर सिर्जना हुन्छ, न अर्थतन्त्र अभिवृद्धि हुन्छ । आर्थिक वृद्धि, दक्ष जनशक्ति र रोजगारी एकअर्काका परिपूरक हुन् । आर्थिक वृद्धि नभई रोजगारी सिर्जना हुँदैन, दक्ष जनशक्तिबिना आर्थिक विकास हुँदैन । ब्रिटिस अर्थशास्त्री जोन मेनार्ड केन्सका अनुसार जति अर्थतन्त्रको आकार ठूलो हुन्छ तथा लगानी बढ्दै जान्छ, त्यति नै रोजगारी अभिवृद्धि हुन्छ । त्यसैले अर्थतन्त्र र रोजगारीका दृष्टिले नेपालले केन्सिएन सिद्धान्त अनुसरण गर्नु उपयुक्त देखिन्छ ।

उदार अर्थनीति अनुसरण गरेका देशमा अर्थतन्त्र गतिशील र चलायमान हुन्छ, स्वदेशी तथा वैदेशिक लगानी, उद्योग, उद्यमशीलता, नवप्रवर्तन, स्टार्टअपका लागि अनुकूल वातावरण हुन्छ र रोजगारी तथा स्वरोजगारीको अवसर हुन्छ । सोही कारण ती देश विकसित मात्रै भएनन्, योग्यता, सीप, क्षमताअनुसारको रोजगारी र स्वरोजगारीका आधारमा उन्नयन गरी मर्यादित जीवनयापन गर्ने अनुकूल वातावरण सिर्जना गर्न सफल भए । उदार अर्थतन्त्रको तुलनामा मिश्रित, समाजवादी तथा राज्य नियन्त्रित अर्थतन्त्रमा न आर्थिक विकास भयो, न रोजगारीको अवसर नै । यो वास्तविकताबाट नेपालले शिक्षा लिनु श्रेयस्कर हुनेछ ।

विकासका लागि वैदेशिक सहयोगमा निर्भर "समाजवादउन्मुख" नेपालले मिश्रित अर्थतन्त्र अनुसरण गरेको छ । तर अपेक्षाकृत लगानीमैत्री वातावरण छैन । ८५ प्रतिशतभन्दा बढी रोजगारी निजी क्षेत्रले सिर्जना गर्छ । तर नीतिगत अस्थिरता र अन्योलका कारण नेपालको निजी क्षेत्रसमेत सरकारप्रति पूर्ण रूपमा विश्वस्त हुन सकेको छैन । एक वर्षमा करिब ७ लाख जनशक्ति श्रम बजारमा प्रवेश गर्छ । त्यसैले समावेशी आर्थिक वृद्धिलाई सर्वोच्च प्राथमिकता दिएर एक वर्षमा कम्तीमा पाँच लाख रोजगारी सिर्जना गर्ने स्पष्ट भिजनसहितको ठोस नीति, कार्यक्रम र प्राथमिकता तय गर्नु आवश्यक छ । यदि वार्षिक ७ प्रतिशतको आर्थिक वृद्धि भयो भने यो महत्त्वाकांक्षी लक्ष्य हासिल गर्न असम्भव छैन । त्यसैले स्वदेशी कच्चा पदार्थ र रोजगारी सिर्जनामूलक उद्योग र सेवा क्षेत्रलाई सरकारले विशेष प्राथमिकता र सहुलियत दिनुपर्छ ।

दातृ समुदायले प्रतिबद्धता गरेको वैदेशिक सहयोग पनि करिव ४० प्रतिशत मात्रै भित्रिने कारण के हो ? यसका बारेमा पनि अध्ययन गरेर ठोस निष्कर्षमा पुग्नु आवश्यक छ । विदेशमा रहेका नेपाली समुदायसँग भएको ज्ञान, सीप, पुँजी र प्रविधि भित्र्याएर आर्थिक विकास गर्ने नीतिलाई भविष्यमा थप विशेष प्राथमिकता दिनु आवश्यक छ । उनीहरू लगानी गर्न इच्छुक पनि छन् । तर नीतिगत अस्पष्टता, कानुनी झन्झट, दोहोरो कर जस्ता कारण निरुत्साहित हुँदै गएका छन् ।

**उद्यमशील समाज, कर्मशील जनता**

नेपालीले स्वरोजगारी, उद्यमशीलता, व्यापार, उद्योगभन्दा रोजगारीलाई बढी प्राथमिकता दिएको पाइन्छ । रोजगारी जीवन निर्वाहमुखी हुन्छ । जनतालाई रोजगारीमा मात्रै निर्भर होइन, उद्यमशील बनाउनु आवश्यक छ । तर उद्यमशीलताका लागि अनुकूल वातावरण छैन । एकातिर बेरोजगार भएर वैदेशिक रोजगारमा जानुपर्ने अवस्था छ, अर्कातिर करिब ८ लाख विदेशीले नेपालमा काम गरिरहेका छन् । यो ८ लाखलाई नेपाली जनशक्तिले प्रतिस्थापन गर्नका लागि उपयुक्त नीति तय गर्नु आवश्यक छ ।

जनशक्ति निर्यात गरेर रेमिट्यान्स भित्र्याउने कि मानव स्रोतको सदुपयोग गरी समुन्नत नेपाल निर्माण गर्ने ? नेपालको विकास र पुँजीका दृष्टिले सबैभन्दा ठूलो नै मानव पुँजी (ह्युमन क्यापिटल) हो । जबसम्म विकासको मूल प्रवाहमा युवालाई प्रत्यक्ष सहभागी गराउन सकिँदैन, तबसम्म मुलुक समुन्नतिको दिशातर्फ अगाडि बढ्न सक्दैन । यही मानव पुँजीलाई परिचालन गरेर समुन्नत नेपाल निर्माण गर्ने नीति अख्तियार गर्नु आवश्यक छ । यति महत्त्वपूर्ण मानव स्रोतलाई बेरोजगारको संज्ञा दिँदै हेयको दृष्टिले हेर्ने होइन, मानव

*बाँकी तेश्रो पेजमा*


**लागूऔषध रहित परिवार : स्वास्थ्य जीवनको आधार**

– लागूऔषधको सेवनले मानिसको शरीरिक तथा मानसिक स्वास्थ्य बिग्रिन्छ ।

– लागूऔषधको उत्पादन, सञ्चय, ओसारपसार, बिक्रिवितरण तथा सेवन कानूनतः दण्डनीय छ

– गैरकानूनी गतिविधिमा आफू पनि नलागौं, अरुलाई पनि लाग्न नदिऔं ।

– स्वस्थ र सुखी परिवारका लागि लागूऔषध दुर्व्यसनलाई – निरुत्साहन गरौं ।

बलान बिहुल गाउँपालिका,सप्तरी


ब्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवादर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।– वीरगंज महानगरपालिकाको कार्यालय वीरगंज, पर्सा

## यसरी सिर्जना गर्न......

पुँजीका रूपमा परिभाषित गर्नुपर्छ । अदक्ष श्रमिकलाई अर्धदक्ष, अर्धदक्ष श्रमिकलाई दक्ष र दक्ष श्रमिकलाई उद्यमशील बनाउन सरकारले उत्प्रेरकको भूमिका निर्वाह गर्नुपर्छ । यदि स्वदेशमै रोजगारीका पर्याप्त अवसर सिर्जना नहुँदासम्म वैदेशिक रोजगारीमा पठाउने हो भने पनि अदक्ष होइन, अर्धदक्ष र दक्ष जनशक्ति पठाउनु आवश्यक छ । तर वैदेशिक रोजगारीका अवसर पनि क्रमिक रूपमा घट्दै गइरहेका छन् । यसको विकल्पबारे पनि सरकारको नीति आवश्यक छ ।

सरकारले बेरोजगारलाई स्वरोजगार, स्वरोजगारलाई उद्यमशील र उद्यमशीललाई उद्योगपतिका रूपमा विकसित गर्ने नीति अंगीकार गर्नुपर्छ । समाजलाई उद्यमशील र जनतालाई सिर्जनशील तथा कर्मशील बनाउन उत्प्रेरित गर्नुपर्छ । जनतालाई नै सिर्जनशील, कर्मशील र उद्यमशील नबनाएसम्म विद्यमान समस्या समाधान हुने सम्भावना छैन । यस्तो नीतिले एकातिर बेरोजगारी समस्या समाधान हुनेछ भने अर्कोतिर समुन्नत नेपाल निर्माणका लागि आवश्यक मानव पुँजी विदेश पलायन हुनबाट रोकिनेछ ।

उद्यम र रोजगारीको नयाँ क्षेत्र

कृषि, जलस्रोत, पर्यटन, निर्माण व्यवसाय नेपालको अर्थतन्त्र र रोजगारी दुवै दृष्टिले मेरुदण्ड मानिन्छन् । आर्थिक विकास र रोजगारीका लागि यी क्षेत्रलाई सर्वोच्च प्राथमिकता दिनुपर्छ । नेपाल श्रमशक्ति सर्वेक्षणअनुसार करिब ७० लाखभन्दा बढी जनसंख्या विभिन्न प्रकारका रोजगारी तथा स्वरोजगारमा आबद्ध छन् । उच्च पाँच क्षेत्रमध्ये कृषि १५ लाख, थोक तथा खुद्रा व्यापार १२ लाख, उत्पादनमूलक उद्योग ११ लाख, निर्माण व्यवसाय १० लाख र शिक्षा क्षेत्रमा ५ लाख रोजगारी भएको उल्लेख गरिएको छ ।

कृषिलाई केवल परम्परागत र निर्वाहमुखी होइन, व्यवसायीकरण गर्नु आवश्यक छ । नेपाल कृषि उत्पादनमा आत्मनिर्भर भएर अन्तर्राष्ट्रिय बजारमा समेत पहुँच स्थापित गर्नुपर्छ । कृषि तथा जडीबुटी र वन पैदावारमा आधारित उद्योगको विकास गरी निर्यात गर्ने नीतिलाई विशेष प्राथमिकता दिनु आवश्यक छ । पर्यटन क्रमिक रूपमा विस्तारित र विकसित हुँदै गइरहेको उद्योग र रोजगारी सिर्जनामूलक व्यवसाय हो । पर्यटनको विकासका लागि सरकार आफैंले ठूलो लगानी पनि गर्नु पर्दैन । भौतिक पूर्वाधार र अनुकूल नीति निर्माण गरी निजी क्षेत्रलाई प्रोत्साहित र सहजीकरण गऱ्यो भने पर्यटनको विकास हुन्छ । कम लगानीमा बढी लाभ हासिल गर्न सक्ने क्षेत्र भएकाले पर्यटनलाई उच्च प्राथमिकता दिनु आवश्यक छ । भौतिक पूर्वाधार निर्माणको चरणमा भएको कारणले यो क्षेत्रमा छिटो र धेरै रोजगारी सिर्जना हुने प्रक्षेपण गरिएको छ ।

जलस्रोत सबैभन्दा प्रचुर र महत्त्वपूर्ण सम्भाव्यता भएको प्राकृतिक सम्पदा अर्थात् "ह्वाइट गोल्ड" हो । २०४८ मा कांग्रेस नेतृत्वमा बनेको सरकारले जलस्रोत र ऊर्जाको विकासलाई प्रमुख प्राथमिकता दिँदै उदार नीति अनुसरण गरेपछि निजी क्षेत्रले मात्रै लगानी गरेन, वैदेशिक लगानीसमेत भित्रिएको छ । भारतसँग १० वर्षभित्र १० हजार मेगावाट ऊर्जा आपूर्ति गर्ने सम्झौता भएपछि अर्थतन्त्र र रोजगारी दुवै दृष्टिले उल्लेखनीय उपलब्धि भएको छ । बंगलादेशसँग सम्झौता भएपछि अन्तर्राष्ट्रिय बजारमा समेत ऊर्जा आपूर्ति गर्ने अपार सम्भावनाको ढोका खुलेको छ । भारतसँग ऊर्जा आपूर्ति गर्ने भएपछि वैदेशिक व्यापार घाटासमेत न्यूनीकरण हुँदै जानेछ ।

एक्काइसौं शताब्दी जस्तो चौथो औद्योगिक क्रान्तिको आधुनिक युगमा उद्यमशीलता र रोजगारीका दृष्टिले कृषि, पर्यटन, जलस्रोत, ऊर्जा, निर्माण व्यवसाय तथा परम्परागत उत्पादनमूलक उद्योगका साथै नयाँ क्षेत्र पनि पहिचान गर्नु आवश्यक छ । अहिले नै कुल गार्हस्थ्य उत्पादनमा कृषिको २५, उद्योगको १४ र सेवा क्षेत्रको ६४ प्रतिशत योगदान छ । अन्तर्राष्ट्रिय अनुसन्धान प्रतिष्ठानको प्रतिवेदनअनुसार प्रविधिमा आधारित डिजिटल सेवा क्षेत्रको योगदान भविष्यमा अरू बढ्दै जानेछ । विश्वको जीडीपीको दुई तिहाइ हिस्सा सेवा क्षेत्रले ओगटेको छ । यो कृषि र उत्पादनमूलक क्षेत्र दुवैको योगदानभन्दा बढी हो । विश्वको कुल रोजगारीमा सेवा क्षेत्रले आधाभन्दा बढी योगदान गरेको छ । अन्तर्राष्ट्रिय श्रम संगठनका अनुसार हरित अर्थतन्त्र अनुसरण गर्दा २०३० भित्रमा विश्वभरिमा करिब २ करोड नयाँ रोजगारी सिर्जना हुनेछन् । यसैगरी ज्ञान र प्रविधिमा आधारित अर्थतन्त्र, गिग अर्थतन्त्र, डिजिटलाइजेसन, आर्टिफिसियल इन्टेलिजेन्स, डिजिटल व्यापार, डिजिटल बैंकिङ, टेलिमेडिसिन जस्ता नयाँ क्षेत्रको उद्यमशीलता र रोजगारीका दुवै दृष्टिले भविष्य देखिन्छ ।

डिजिटल हब र सेवा निर्यातको अवसर

भूपरिवेष्टित नेपाल औद्योगिकीकरण भई "म्यानुफ्याक्चरिङ हब" हुने सम्भावना कमजोर छ । तर प्रविधिमा आधारित सर्भिस सेक्टरको हब (सेवा क्षेत्रको केन्द्र) हुन सक्ने सम्भावना भने उच्च छ । विश्व बजारमा अहिलेको सबैभन्दा धेरै माग भएको क्षेत्र प्रविधिमा आधारित तथा डिजिटल सेवा हो । विश्व अर्थतन्त्रमा प्रविधि उद्योग तथा सेवा क्षेत्रको योगदान बढ्दै गइरहेको छ । एप्पल, माइक्रोसफ्ट, गुगल, एमाजोन, एनभिडिया जस्ता ठूला कम्पनी सबै प्रविधिमा आधारित हुन् । यसरी डिजिटलाइज भइरहेको विश्वमा डिजिटल सेवा निर्यात गर्ने नीतिलाई विशेष प्राथमिकता दिनु उपयुक्त हुनेछ ।

केही नेपाली संस्थाका अध्ययनले सेवा क्षेत्रको उत्पादन र निर्यातबाट उल्लेखनीय लाभ हासिल गर्न सक्ने निष्कर्ष निकालेका छन् । गत आर्थिक वर्षमा करिब ८० अर्बको सूचना प्रविधिमा आधारित सेवा निर्यात गरिएको छ । यदि सरकारले उपयुक्त नीति अंगीकार गरी डिजिटल पूर्वाधार निर्माण गरेको अवस्थामा केही वर्षभित्रै पाँच खर्बको सेवा निर्यात गर्न सकिने सम्भावना देखिएको छ । यदि पाँच खर्बको सेवा निर्यात गर्न सकियो भने करिब ५ लाख नयाँ रोजगारी सिर्जना हुनेछ । नेपालका विश्वविद्यालय र कलेजहरूले प्रविधि तथा डिजिटलाइजेसनको क्षेत्रमा अन्तर्राष्ट्रिय स्तरको अध्ययन–अध्यापन गराई विश्व बजारमा प्रतिस्पर्धा गरी रोजगारी पाउन सक्ने दक्ष जनशक्ति उत्पादन गर्नुपर्छ । यदि यस्तो नीति अख्तियार गरियो भने एकातिर बेरोजगारी समस्याको समाधान हुनेछ अर्कोतिर राष्ट्रिय अर्थतन्त्रसमेत उल्लेखनीय रूपमा अभिवृद्धि हुनेछ । यसै गरी बैंकिङ, वित्तीय, चिकित्सा तथा आउटसोर्सिङ क्षेत्रमा पनि नेपालबाट सेवा निर्यात गर्न सकिन्छ ।

यदि दीर्घकालीन नीति अख्तियार गरियो भने केवल राष्ट्रिय उद्योग मात्रै होइन, अन्तर्राष्ट्रिय व्यापार र उद्योगको दृष्टिले समेत सम्भावना देखिन्छ । भौतिक विकासका लागि भौतिक पूर्वाधार आवश्यक भए जस्तै डिजिटल सर्भिसका लागि उच्च क्षमताको सूचना प्रविधि राजमार्ग, ठूला डाटा सेन्टरलगायत डिजिटल पूर्वाधार बनाउनु आवश्यक छ । तर त्यो स्तर र क्षमताका डिजिटल पूर्वाधार हालसम्म नेपालमा बनेका छैनन् । नेपालको भूगोल, ऋतु र तापमान सूचना प्रविधि उद्योग सञ्चालन र प्रवर्द्धनका लागि अनुकूल मानिन्छ । विशेषगरी विश्वमा मौलाइरहेको ठूला डाटा सेन्टर स्थापना तथा भण्डारणको सम्भावनासमेत देखिन्छ । यसका लागि नेपालको ऋतु अत्यन्त अनुकूल छ । यदि ठूला डाटा सेन्टर स्थापना भए भने हजारौं रोजगारीका अवसर सिर्जना हुनेछन् । डाटा सेन्टर र गुगल क्लाउड स्थापना गर्न गुगलले मलेसियामा २ खर्ब लगानी गरेको छ । मलेसियामा डाटा सेन्टर र गुगल क्लाउड स्थापना हुन्छ भने नेपालमा किन हुन सक्दैन ?

ज्ञानमा आधारित तथा गिग अर्थतन्त्र

अहिले ज्ञानमा आधारित अर्थतन्त्र र गिग अर्थतन्त्र विश्वव्यापी रूपमा विस्तारित र लोकप्रिय हुँदै गएका छन् । प्रविधिको विकासले जागिर, काम, कर्मचारी, कार्यालयको परिभाषा र आयाम पनि परिवर्तन भएको छ । कर्मचारी, कार्यालय र पूर्णकालीन अवधारणाबाट परामर्शदाता तथा करारका आधारमा स्वतन्त्र रूपमा विश्वको जुनसुकै भूगोलमा बसेर पनि दक्ष जनशक्तिले डिजिटल माध्यमबाट रिमोट वर्किङ गर्ने अभ्यास र संस्कारको विकास भएको छ । निश्चित समयका लागि आंशिक वा पूर्णकालीन रूपमा कुनै परियोजनामा गरिने कामलाई गिग काम वा रोजगारी भनिन्छ । ज्ञान तथा प्रविधिमा आधारित यस्ता गिग काम वा रोजगारीका आधारमा विकसित भएको अर्थ व्यवस्थालाई गिग अर्थतन्त्र भनिन्छ । यो एक प्रकारको स्वतन्त्र र अनौपचारिक श्रम व्यवस्था हो र पछिल्लो "जेन जी" पुस्ता यस्तै काम र रोजगारीमा अभ्यस्त हुँदै गएको देखिन्छ ।

पूर्णकालीन र अल्पकालीन दुवै प्रकृतिका रोजगारीका लागि गिग अर्थतन्त्रले नयाँ आयाम उजागर गरेकाले विश्व बजारमा गिग इकोनमी मौलाउँदै गएको देखिन्छ । अहिले विश्वमा करिब ६ करोड व्यक्ति गिग

बाँकी चौथो पेजमा

# अन्तर्राष्ट्रिय

## प्यालेस्टिनी भूमिबाट इजरायल हट्नुपर्ने प्रस्ताव राष्ट्रसंघबाट पारित, नेपाल तटस्थ




काठमाडौं । प्यालेस्टिनी भूभागबाट इजरायल हट्नुपर्ने प्रस्ताव संयुक्त राष्ट्र संघको महासभाबाट पारित भएको छ । यो प्रस्तावमा भने नेपाल तटस्थ बसेको थियो ।

प्यालेस्टाइनले गरेको उक्त प्रस्तावको पक्षमा रुस, चीन, फ्रान्स, बंगलादेश, भुटान, श्रीलंका, पाकिस्तान, माल्दिभ्स सहित १२४ देश उभिएका थिए । अमेरिकासहित १४ देशले विपक्षमा मतदान गरे । संयुक्त राष्ट्रसंघका स्थायी सदस्यहरूमध्ये विपक्षमा उभिएको अमेरिकामात्र हो ।

नेपाल, भारत, बेलायतसहित ४३ देश भने कसैको पनि पक्ष–विपक्षमा नलागी तटस्थ बसेका थिए ।

नेपालले इजरायल र प्यालेस्टाइन दुवै देशलाई मान्यता दिएको छ । नेपालले यी दुवै देशको समस्या समाधानमा जोड दिँदै आएको छ ।

तत्कालीन प्रधानमन्त्री बीपी कोइरालाको पालामा नेपाल र इजरायलबीच सन् १९६० मा कूटनीतिक सम्बन्ध स्थापित भएको थियो । यहुदी देश इजरायललाई मान्यता दिने नेपाल एसियाकै पहिलो देश थियो ।


नेपाली विद्यार्थीहरु कृषि विषय पढ्दै कमाउँदै गर्नका लागि इजरायल जाने गरेका छन् । यसै क्रममा गत ७ अक्टुबरमा प्यालेस्टिनी भूमिबाट इजरायलमा प्रवेश गरेका हमासका लडाकुहरुले आक्रमण गर्दा १० नेपालीसहित १ हजार २०० जनाको मृत्यु भएको थियो । नेपालका विपिन जोशी अहिलेसम्म पनि बेपत्ता छन् । मतदानको नतिजा

उक्त आक्रमणको बदला लिन भन्दै इजरायलले प्यालेस्टिनी भूमिमा आक्रमण गर्दा ४ हजार १ सय भन्दा धेरै जनाको मृत्यु भइसकेको हमासबाट सञ्चालित स्वास्थ्य मन्त्रालयले जनाएको छ । मारिनेमा महिला र बालबालिकाहरुको संख्या धेरै छ । लाखौं व्यक्ति विस्थापित भएका छन् । भौतिक संरचनाहरु ध्वस्त भएका छन् ।

इन्टरनेसनल कोर्ट अफ जस्टिस (आईसीजे) ले प्यालेस्टिनी भूभागमा इजरायलको उपस्थिति अवैधानिक भएको भन्दै त्यहाँबाट हट्न भनेको थियो । यसैगरी नेदरल्याण्डको हेगस्थित अन्तर्राष्ट्रिय फौजदारी अदालत (आईसीसी)मा इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहु र हमासका नेताहरुविरुद्ध पक्राउ पुर्जी जारी गर्न माग गर्दै मुद्दा परेको छ ।

इजरायलको हमला जारी रहेकाले प्यालेस्टिनी भूमिमा राहत सामग्री, खाद्यान्न, औषधि, पानी र इन्धन आपूर्तिमा भयानक संकट पैदा भएको अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरूले जनाएका छन् ।

## श्रीलंकामा भोलि राष्ट्रपति निर्वाचन हुँदै



कोलम्बो । श्रीलंकामा शनिबार राष्ट्रपतिको निर्वाचन हुँदैछ । पछिल्लो सर्वेक्षण अनुसार नेशनल पिपुल्स पावर (एनपीपी)का अध्यक्ष उम्मेदवार अनुरा कुमारा दिसानायके दौडमा अगाडि छन् ।

उनलाई चीन समर्थक भनेर आलोचना गरिन्छ । अनुराले जितेपछि अडानीको प्रोजेक्ट रद्द गर्ने वाचा गरेका छन् ।

अनुरा बाहेक अन्य तीन ठूला उम्मेदवार पनि राष्ट्रपति पदको प्रतिस्पर्धामा छन् । सर्वेक्षणमा विपक्षी नेता सजित प्रेमदासा दोस्रो स्थानमा छन् ।

वर्तमान राष्ट्रपति रनिल विक्रमासिं उनीपछि तेस्रो स्थानमा छन् । पूर्वराष्ट्रपति महिन्दा राजापाक्षेका छोरा नमल राजापाक्षे पनि यो दौडमा छन् । सर्वेक्षणले उनको पनि जित्ने सम्भावना न्यून रहेको देखाएको छ ।

अनुरा कुमारा कोलम्बो जिल्ला सीटबाट सांसद हुन् । उनी सन् २०१९ को राष्ट्रपतीय निर्वाचनको पनि उम्मेद्वार थिए ।

**व्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।**

# फोटो क्याप्सन



वीरगंज महानगरपालिका, नेपाल खानेपानी संस्थान र युनिसेफको संयुक्त सहकार्यमा खानेपानी तथा सर सफाई कार्य योजना लागु गरी महानगरका सबै वडामा सुरक्षित र स्वच्छ खानेपानीको पहुँच पुर्याउन लागिएको सो कार्यक्रमको एक दृश्य .............

## यसरी सिर्जना गर्न.......

जनशक्तिका रूपमा रहेको अनुमान गरिएको छ । गिग अभ्यासबाट कर्मचारी र रोजगारदाता दुवै लाभान्वित भएका छन् । अन्तर्राष्ट्रिय स्तरका दक्ष सफ्टवेयर इन्जिनियर र आईटी प्रोफेसनलहरूले नेपालमै बसेर अन्तर्राष्ट्रियस्तरको रोजगारी र पारिश्रमिक पाइरहेका छन् । यस्तो गिग अर्थतन्त्रमार्फत नेपालमा थप रोजगारीका अवसर सिर्जना गर्न सकिन्छ । त्यसैले नेपालले यस्तो अर्थतन्त्रलाई प्रोत्साहित गरी अर्थतन्त्र, राजस्व र रोजगारीको आयामलाई थप विस्तारित गर्नु आवश्यक छ । नेपालमा हालसम्म गिग अर्थतन्त्रसम्बन्धी नीति र कानुन छैनन् । त्यसैले अन्तर्राष्ट्रिय मापदण्डअनुसारको विश्वसनीय साइबर सुरक्षा नीतिलगायत गिग अर्थतन्त्रसम्बन्धी नीति र कानुन अविलम्ब बनाउनु आवश्यक छ ।

निष्कर्ष

आर्थिक विकास र रोजगारीका दृष्टिले नेपालमा सम्भावना र अवसर दुवै छन् । तर सरकार र पार्टीहरूको भिजन, नीति, प्राथमिकता छैन । यदि नेपालमा नै गुणस्तरीय शिक्षा र रोजगारीको अवसर भएको अवस्थामा विदेश जाने क्रम रोकिनेछ । त्यसैले अर्थतन्त्र र रोजगारी वृद्धि भएको क्षेत्रबाट लाभन्वित हुने तथा रोजगारी घट्दै गएको क्षेत्रको जनशक्तिलाई वैकल्पिक रोजगारीका अवसर सिर्जना गर्ने नीतिलाई उच्च प्राथमिकता दिनुपर्छ । होइन भने त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट लहरका लहर बिदेसिएको हृदयविदारक दृश्य भविष्यमा झन् तीव्र गतिमा बढ्नेछ ।

सभार : ईकान्तिपुर

## धोबिनी गाँउपालिका...

धोबिनी गाँउपालिकाकाका अध्यक्ष चौहानको अध्यक्षतामा भएको गाँउसभामा उपाध्यक्ष मन्दु देवी, पाँच वटै वडाका वडाध्यक्ष, वडासदस्य, कार्यपालिका सदस्य,नेपाली कांग्रेसका नेता श्याम पटेल, सुरक्षा निकायका प्रतिनिधी,सञ्चारकर्मी लगायतकोपनि सहभागीता थियो ।

## रौतहटमा सवारी.......

बजारदेखि पश्चिम लालबकैया पुल पारी कटहरिया गम्हरीया सडकखण्डमा आफैँले चलाएको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा चालक कटहरिया नगरपालिका ९ डुमरियाका २६ वर्षीय रामजनम पासवानको मृत्यु भएको प्रवक्ता गिरीले बताउनुभयो ।

मधेश प्रदेश ०३–०२८ प ४९४१ नम्बरको मोटरसाइकल तीव्र गतिमा रहेको कारण दुर्घटना भई गम्भीर घाइते भएका पासवानको कटहरिया प्राथमिक उपचार गरी प्रादेशिक अस्पताल गौर पठाइएकोमा उपचारकै क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

## महानगरको सबै.........

महानगर, नेपाल खानेपानी संस्थान र युनिसेफको सयुक्त सहकार्यमा खानेपानी तथा सरसफाइ कार्य योजना लागु गर्ने निर्णय भएको छ ।

महानगर प्रमुख सिंहको अध्यक्षतामा सम्पन्न बैठकमा उप–प्रमुख इम्तियाज आलम, निमित्त प्रमुख प्रशासकीय अधिकृत अरविन्द लाल कर्ण, नेपाल खानेपानी संस्थानका महाप्रवन्धक त्रीदिप कुमार श्रेष्ठ, इन्जिनियर निरण महर्जन, प्रविण कुमार साह, युनिसेफका प्रमुख इरफान एस, सुरेन्द्र बावु ढकाल, सिद्धि श्रेष्ठ, महानगरपालिकाका प्राविधिक सल्लाहकार इन्जिनियर प्रकाश अमात्य, राकेश साह लगायतको सहभागिता रहेको थियो ।


स्तनपान : बालबालिकालाई वरदान

» आमाको दुधमा बालबालिकालाई आवश्यक पर्ने पर्याप्त पानी र खनिज हुन्छ ।

» आमाको बिगौति दुधले बालबालिकालाइ खोप सरहको काम गर्छ ।

» स्तनपानले शिशुको शारिरीक, मानसिक, बौद्धिक तथा सामाजिक विकासमा मद्दत गर्छ ।

» बजारमा पाइने प्याकेट दुध वा फर्मुला आमाको दुध जस्तोपोषिलो हुँदैन ।

» त्यसैले बालबालिकालाईं स्तनपान गराऔं ।

अनुरोधक :

सखुवा प्रसौनी गाउँपालिका,पर्सा


# चौथो जीतपुरसिमरा अन्तर्राष्ट्रिय भेट्रान: उपाधिको लागि आयोजक सिमरा र काठमाडौं भिड्ने

प्रहलाद चौरसिया ।

असोज ०४, वीरगन्ज ।

पाहुना टोली कोलकत्तालाई हराउदै आयोजक सिमरा भेट्रान क्लब र एबिसी भेट्रान क्लब पोखरालाई सरस्वती नगर भेट्रान काठमाडौंले हराएपछि चौथो जीतपुरसिमरा अन्तर्राष्ट्रिय भेट्रान प्रतियोगितामा फाइनल खेल्ने टोलीको टुंगो लागेको छ । फाइनल खेलेमा आयोजक सिमरा र काठमाडौं भिड्ने पक्का भएको हो ।




सिमरा रंगशालामा शुक्रबार भएको पहिलो सेमिफाइनल खेलमा क्लिभ हाउस भेट्रान फूटबल क्लब कोलकत्तालाई २–० ले पराजित गर्दै आयोजक उपाधी नजिक पुगेको हो । आयोजकको जीतमा दुबै गोल रमेश गुरुङले गरेका हुन् । उक्त खेलको प्लेयर अफ दि म्याच रमेशलाई घोषित गरिएको थियो।

यसैगरी दोस्रो खेलमा सरस्वती नगर भेट्रान काठमाडौंले पोखराको ए.बि.सी. भेट्रान क्लबलाई टाइब्रेकरमा ४–२ ले पराजित गरेको छ। उक्त खेलमा काठमाडौंका लागि अनल आचार्य, जगत लामा, महेन्द्र खवास र देवराज नेपालीले १/१ गोल गरे।

पोखराका लागि भने संजयकुमार गुरुङ र विश्वलाल श्रेष्ठले १/१ गोल गर्न मात्र सफल भए । विकर्ण श्रेष्ठ र निलेन्द्र देवानको प्रहार काठमाडौंका गोलरक्षक शम्भु श्रेष्ठले उत्कृष्ट बचाउ गरे । उक्त खेलको प्लेयर अफ दि म्याच श्रेष्ठ घोषित भए ।

प्रतियोगिताको फाइनल खेल शनिबार ४ बजे सिमरा रंगशालामा सुरु हुनेछ । असोज १ गतेदेखि सुरु भएको प्रतियोगितामा १४ टोलीको सहभागिता रहेको थियो ।

# बारा र पर्सामा आयोजित ११ दिने बृहत रक्तदान कार्यक्रम सम्पन्न

अनलाईन संवाददाता ।

असोज ०४, वीरगन्ज

तेरापंथ युवक परिषदले बारारुरु र पर्सामा ११ दिने बृहत रक्तदान शिविर सञ्चालन गरी १ हजार १ सय २७ पोका रगत संकलन गरेको छ ।

भदौ २५ गतेदेखि सुरु भई शुक्रबार सम्पन्न शिविरमा महिला र पुरुष गरी १,१२७ जनाले रक्तदान गरेको तेरापंथ युवक परिषद वीरगञ्जका अध्यक्ष लोकेश जैनले जानकारी दिए ।



शिविरको अन्तिम दिन बाराको शिवशक्ति घ्यू उद्योगमा आयोजित कार्यक्रममा ७२ जनाले रक्तदान गरेका थिए भने यसअघि बिहीबार हुलास आइरन उद्योगमा १०७ जनाले रक्तदान गरेका थिए। ११ दिने शिविरको क्रममा सबैभन्दा बढी वीरगञ्जको जैन भवनमा गत शनिबार २११ जनाले रक्तदान गरेका थिए ।

सिमराको हुलास स्टिल उद्योगमा आयोजित कार्यक्रममा १३० जनाले रक्तदान गरेका थिए। परिषदले १,५०० पोका रगत संकलन गर्ने लक्ष्य राखेको भए पनि गर्मीका कारण रक्तदाताको सहभागिता अपेक्षा गरिएको भन्दा कम भएकोले लक्ष्य पूरा गर्न नसकिएको अध्यक्ष जैनले बताए ।

संकलित रगत नेपाल रेडक्रस सोसाइटी पर्सा शाखाद्वारा सञ्चालित वीरगञ्ज रक्त सञ्चार केन्द्रमा जम्मा गरिएको छ। परिषदले यसअघि २०७९ सालमा आयोजित एकदिने रक्तदान कार्यक्रममा ४२३ पोका रगत संकलन गरेको थियो ।

# जनसंख्या घट्दा क्रिश्चियन र मुस्लिम बढे

अनलाईन संवाददाता ।

असोज ०४, वीरगन्ज ।

नेपालमा १० वर्षको बीचमा क्रिश्चियन र इस्लाम धर्मावलम्बीबाहेक अन्य सबै धर्म मान्ने जनसंख्या घटेको पाइएको छ ।

केन्द्रीय तथ्यांक विभागका अनुसार २०६८ सालदेखि २०७८ को बीचमा इस्लामको शून्य दशमलव ३० र क्रिश्चियनको जनसंख्या शून्य दशमलव ३४ प्रतिशतले वृद्धि भएको छ ।

हिन्दु धर्मावलम्बीको जनसंख्या शून्य दशमलव १५ प्रतिशतले घटेको विभागको तथ्यांकमा छ भने बौद्ध धर्मावलम्बीको संख्या करिब एक प्रतिशतले घटेको छ । बौद्ध र हिन्दु धर्म मान्नेहरूले यसबीचमा धर्मान्तरण गरेर क्रिश्चियन धर्म अपनाएको पाइन्छ ।

२०६८ को जनगणना अनुसार नेपालमा हिन्दु धर्मावलम्बीको जनसंख्या ८१ दशमलव ३४ प्रतिशत रहेको थियो । पछिल्लो जनगणनामा ८१ दशमलव १९ प्रतिशत छ ।

त्यस्तै बौद्ध धर्मावलम्बीको जनसंख्या २०६८ मा ९ दशमलव ०४ प्रतिशत रहेकोमा पछिल्लो जनगणनामा यो घटेर ८ दशमलव २१ प्रतिशत भएको छ । आदिवासी जनजाति समुदायमा धर्म परिवर्तन गरेर क्रिश्चियन बनाउने प्रवृत्ति बढेको असर बौद्ध धर्मावलम्बीको जनसंख्या देखिएको बताइनछ ।

२०६८ को जनगणनामा १ दशमलव ४२ प्रतिशत रहेको क्रिश्चियनको जनसंख्या पछिल्लो जनगणनामा १ दशमलव ७६ प्रतिशत पुगेको छ भने मुस्लिमको जनसंख्या ४ दशमलव ३९ प्रतिशतबाट बढेर ५ दशमलव ०९ प्रतिशत पुगेको छ ।